आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः ०५ जुलाई २०२४

समयः १८:५० - १६:०० बजे

प्रमुख समाचार

१. प्रधानमंत्री नरेन्द्र मोदी भारत-रूस वार्षिक शिखर सम्मेलनमा सहभागी हुन 8 र 9 जूलाईमा मस्कोको भ्रमणमा रहनुहुनेछ।

२. कोलकता उच्च अदालतले सीबीआईलाई ओएमआर डेटा पुन प्राप्त गर्नका लागि विशेषज्ञ एजेंसीको सहयोग लिने निर्देश दिएको छ।

३. दार्जिलिंगका सांसद राजु विष्टले दार्जिलिंग तथा कालेबुंगका जिल्ला शासकहरूलाई पत्र लेखेर स्थानीय पंचायतहरू र पंचायत समितिहरूसित भेदभाव गरिएको आरोप लगाउनु भएको छ ।

४. पहाड़का विभिन्न ठाउँहरुमा अबिरल वर्षाका कारण पैह्रोको खबर छ।

५. पैह्रोको कारण राष्टीय राजमार्ग 10 अझै पनि बन्द।

## विदेश मन्त्रालय-प्रधानमन्त्रीको भ्रमण

२२ औं भारत–रुस वार्षिक शिखर सम्मेलन रक्षाए व्यापारए लगानीए ऊर्जाए शिक्षाए विज्ञान र प्रविधिए संस्कृति र जनता–जनताबीचको सम्बन्धमा केन्द्रित हुनेछ । भारतीय विदेश सचिव विनयमोहन क्वात्राले आज नयाँ दिल्लीमा सो जानकारी दिएका हुन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सोमबारदेखि रुस र अष्ट्रियाको तीनदिने भ्रमणका क्रममा क्वात्राले मोदी र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले दुई देशबीचको बहुआयामिक सम्बन्धको समीक्षा गर्ने बताउनुभयो । दुई नेताबीच पारस्परिक हितका समसामयिकए क्षेत्रीय र विश्वव्यापी विषयमा पनि छलफल हुने उनले बताए। दुवै नेताले ब्रिक्सए साङ्घाई सहयोग संगठनए जी–२०ए पूर्वी एशिया शिखर सम्मेलन र संयुक्त राष्ट्रसंघमा द्विपक्षीय सम्बन्धको पनि समीक्षा गर्ने छन्। क्वात्राका अनुसार रुसी सेनाले भ्रममा पारेका भारतीय नागरिकको शीघ्र रिहाइको विषयमा पनि छलफल हुने अपेक्षा गरिएको छ। विदेश सचिवले प्रधानमन्त्री मोदीले मस्कोमा भारतीय समुदायसँग अन्तरक्रिया गर्ने बताउनुभयो।

****** ० ******

**सीबीआई-शिक्षक भर्ती**

कलकत्ता उच्च न्यायालयको एकल न्यायाधीश पीठले आज केंद्रीय अन्वेषण ब्यूरो (सीबीआई) लाई राज्य संचालित बिद्यालयहरुमा प्राथमिक शिक्षकहरुको भर्तीका लागि लिखित परीक्षामा प्रयोग गरिएको ऑप्टिकल मार्क रिकग्निशन (ओएमआर)

शीट्सको डेटा पुनः प्राप्न गर्नको लागि कुनै पनि विशेषज्ञ एजेंसीको सहयोग लिने निर्देश दिएको छ। प्राथमिक शिक्षकहरुको भर्तीमा बर्ष २०१४ मा भएको भारी अनियमितताहरु अनि भ्रष्टाचारसित संबंधित मामलाको सुनवाईको अवधिए न्यायमूर्ति राजशेखर मंथाको एकल पीठले भनेको छ – सीबीआईले विश्वमा कहीँ पनि सूचना प्रौद्योगिकी क्षेत्रमा विशेषज्ञता राख्ने निजी संस्थाहरु सहित कुनै पनि विशेषज्ञको सहायता लिन सक्नेछ| ।
विशेषज्ञ एजेंसिहरुको सहायताको लागि लाग्ने पूरा खर्च पश्चिम बंगाल प्राथमिक शिक्षा बोर्ड (डब्ल्यूबीबीपीई) द्वारा वहन गरिने निर्देश पनि न्यायमूर्ति मंथाले दिनुभएको छ। न्यायमूर्ति मंथाले अझ भन्नुभयो - ओएमआर शीट्सको डेटा पुनः प्राप्न गर्नु अत्यंत महत्वपूर्ण छ किनभने प्राथमिक शिक्षकहरुको भर्तीसित संबंधित भ्रष्टाचारको जड त्येसैमा लुकेको छ। गत दुई जुलाईमा न्यायमूर्ति मंथाले सीबीआई लाई निर्देश दिया था हार्ड डिस्क न्यायालयमा प्रस्तुत गर्ने निर्देश दिनुभएको थियोए जसमा प्राथमिक शिक्षकहरुको भर्तीको लागि लिखित परीक्षाहरुमा उपयोग गरिएको ओएमआर शीट्सको डिजिटाइज्ड प्रतिहरु संग्रहित गरिएको थियो।येद्धप्पीए आज सीबीआईका वकीलले अदालतलाई सूचित गरे कि केंद्रीय एजेंसीका अधिकारी हार्ड डिस्क अदालतमा प्रस्तुत गर्ने स्थितिमा थिएनन्। त्येसपछिए न्यायमूर्ति मंथाले एजेंसीलाई विशेषज्ञ एजेंसिहरुको सहयोग लिने निर्देश दिनुभयो। यसभन्दा पुर्ब गत मंगलवारए न्यायमूर्ति मंथाले यसो पनि भन्नुभएको थियोकि यदि हार्ड डिस्क नष्ट गरिएको छ भनेए यस मामलालाई पनि जांचको परिधिभित्र ल्याउनु पर्नेछ।

****** ० ******

**सांसद राजु बिष्ट**

दार्जिलिंगका सांसद राजु विष्टले दार्जिलिंग तथा कालेबुंगका जिल्ला शासकहरूलाई पत्र पठाई स्थानीय पंचायतहरू र पंचायत समितिहरूसित भेदभाव गरिएको आरोप लगाउनु भएको छ। ठळच्ड र ज्डब समर्थक पंचायतहरू र पंचायत समितिहरूलाई मात्र केन्द्रले पठाएको पैसा आवंटित गरिन्दैछ तथा गैर ज्डबए गैर ठळच्ड पंचायत र समितिहरूलाई सठिक पैसा खण्ड विकास कार्यालयले नदिएको र भेदभाव भईरहेको आरोप लगातार आइरहेको श्री विष्टले पत्रमा लेखनु भएको छ। आज दुवै जिल्ला शासकहरूलाई पठाएको पत्रमा श्री विष्टलेए केन्द्रले पठाएको पैसा कुन कुन पंचायत र पंचायत समितिहरूलाई के कति आवंटित गरिएको छ त्यसको जानकारी दिन भनी अनुरोध गर्नु भएको छ।पंचायत कोष आवंटनमा जीटीए क्षेत्रमा व्यापक धान्धली भईरहेको आरोप लगातार रुपमा श्री विष्टले लगाउँदै आउनु भएको छ।

****** ० ******

**दीघा- जगन्नाथ मंदिर**

पश्चिम बंगालका मुख्यमंत्री ममता बनर्जीले - ओडिशाको पुरीमा जस्तै पश्चिम बंगालको दीघामा पनि भव्य जगन्नाथ मंदिर परिसरको निर्माण गरिने घोषणा गर्नुभएको छ।मुख्यमंत्री ममता बनर्जीले आज माइक्रोब्लॉगिंग साइट एक्समा लेख्नुभएको छ कि यस मंदिरमा भगवान जगन्नाथए बलभद्र अनि सुभद्राको पूजा गरिनेछ। यसको साथै यहां रथयात्राको आयोजन पनि हुनेछ। दीघामा रथयात्रा आगामी बर्षदेखि प्रारंभ हुनेछ। येद्धपिए केहि कार्य अनि प्रक्रियाहरु अझ अधुरै छ जो पूरा गर्नु आवश्यक छ। दीघामा जगन्नाथ मंदिर परिसर एउटा नया सौहार्द स्थल हुने मुख्यमन्त्रीले दावी गर्नुभयो। उहाले भन्नुभयोए ष्दीघामा रथयात्रा पुरा श्रद्धा अनि गरिमाको साथ मनाईनेछ। भगवानको यो नया मंदिर भारतको लागि एउटा नयाँ सौहार्द का स्थल बन्नेछ।यस घोषणाले पश्चिम बंगालमा धार्मिक पर्यटनलाई पनि प्रोत्साहन पुग्ने आशा छ। दीघाए पहिला देखिने एउटा प्रमुख पर्यटक स्थल हो र अब यस नयाँ मंदिर परिसरको निर्माण पछि अझ अधिक लोकप्रिय हुनेछ।

****** ० ******

**एनएच 55 पगलाझोड़ा**

लगातार रूपमा परिरहेको पानी झरीले पहाड़को चारैतिर पैह्रो गईरहेको छ भने एनएच 55 अन्तर्गत पगलाझोड़ामा सड़क चर्किएर एनएच 55 लाई खतरा उत्पन्न गराएको छ। एनएच 55 अन्तर्गत घैयाबारी र महानदीबीचको सड़कको पूरा भाग नै चर्किएको कारणले गाड़ीहरू कुद्न नसक्ने अवस्थामा रहेको छ। पगलाझोड़ाको ठूलो झरना नजिकमा रहेको सडक पूरै चर्किएको अवस्थामा रहेको कारणले गाड़ीहरू कुदाउन नसक्ने अवस्थामा रहेको चालकहरूले बताएका छन्। यो रोड भएर ओहोर दोहोर गरिरहेका

चालकहरू र यात्रीहरूले एनएच 55 अन्तर्गत पगलाझोड़ा भएर गाड़ीहरू कुदाउन नसकिने गरी सड़क चर्किएको र पानी यसरी नै परिरहेको खण्डमा आज रातभरिमा सड़क पूरै पैह्रोको चपेटमा पर्ने सम्भावना देखिएको बताएका छन्।

****** ० ******

**पैह्रोले दुईवटा गाड़ी क्षतिग्रस्त**

लगातार रूपमा परिरहेको पानी झरीले गर्दा दार्जिलिङमा पैह्रोको चपेटमा परेर दुईवटा गाड़ी क्षतिग्रस्त भएको छ। आज बिहान दार्जिलिङको लेबोङ कार्ट रोडस्थित लरेटो कन्भेन्ट स्कूल नजिक पैह्रोको चपेटमा परेर दुईवटा गाड़ी क्षतिग्रस्त भएको छ। प्राप्त जानकारी अनुसार विद्यार्थीहरू बोक्ने उक्त दुईवटा गाडी पार्किङ गरेर राखेको ठाउँमा नै माथिबाट आएको पैह्रोले क्षतिग्रस्त बनाएको छ। पैह्रोको चपेटमा परेर क्षतिग्रस्त बनेको दुईवटा गाड़ीहरू स्थानीयए दार्जिलिङ नगरपालिका र पुलिस प्रशासनको सहयोगमा निकालेर रोड सफा गरिएको छ। उक्त समयमा नै दार्जिलिङको रेलवे स्टेशन नजिक पनि पैह्रो गएर एक घर पैह्रोको चपेटमा परेको जानकारी प्राप्त भएको छ। उक्त पैह्रो पनि स्थानीयए पुलिस प्रशासन र नगरपालिका मिलेर सफा गरी रोड सुचारू गरिएको जानकारी प्राप्त भएको छ|

****** ० ******

**तीनधारेदेखि सिविटार जाने रोड**

खरसाङ खण्ड अन्तर्गत तीनधारेदेखि सिविटार जाने रोड पैह्रो वाधित बनेपछि आज जेसीबी लगाएर खोलाउने कार्य गरिएको छ। गत १ जुलाईको राति गएको पैह्रोको कारणले तीनधारेबाट बाघमारा बस्तीए सिविटार जाने रोड पूर्ण रूपमा बन्द रहेको थियो। पैह्रोले वाधित रोड खोलाउन जीटीए प्रमुख अनित थापाको सहयोगमा खरसाङ खण्ड पञ्चायत समिति सदस्य कुसाङ लामाको पहलमा जीसीबी लगाएर खोल्ने कार्य बिहान ६ बजीदेखि शुरु गरियो। उक्त पैह्रोले तीनधारेदेखि सिविटार जाने रोड पूर्ण रूपमा बन्द भएकाले स्थानीयहरूलाई धेरै दु:ख भइरहेको थियो। मानिसहरू सिविटारए शिवखोलाए बाघमारा बस्ती क्षेत्रबाट तीनधारे जान साथै राशन पानी ल्याउन जान र विद्यार्थीहरू विद्यालय जान पनि असुविधा भइरहेको थियो।
उक्त रोड खोलाउन बाघमारा बस्तीको समाजले पनि पहल गरिरहेका थिए|

****** ० ******

**मङ्पु**

मङ्पुमा रूख ढलेर मृत्यु भएका मृतक प्रकाश थापाको परिवारलाई जीटीएले तीन लाख रुपियाँ प्रदान गर्ने भएको जानकारी प्राप्त भएको छ। हिजो ४ जुलाईको दिन मङ्पुमा रुख ढलेर एकजना सिन्कोना बगानक श्रमिकको मृत्यु भएको थियो। मृत्यु भएका प्रकाश थापाको परिवारलाई जीटीएले ३ लाख रुपियाँ प्रदान गर्ने भएको सिन्कोना बगानको कार्यकारी सभासद रतन थापाले बताउनु भएको छ । त्यसरी नै मृतक परिवारका एक सदस्यलाई बदलीमा अस्थायी काम बगानमा दिने पनि सभासद थापाले बताउनु भएको छ । उहाँले प्राकृतिक प्रकोपमा परेर मृत्यु भएका प्रकाश थापाप्रति गहिरो शोक सम्वेदना प्रकट गर्दै श्रद्धाञ्जली अर्पण गर्नु भएको छ।

****** ० ******

**सभासद मिलेश राई**

सभासद मिलेश राईले मिरिक थर्बु डुप्टिन समष्टिको डुप्टिन ग्राम पञ्चायत अन्तर्गत पर्ने बाढ प्रभावित क्षेत्र देउराली बस्तीको भ्रमण गर्नु भएको छ । गत केही दिन अघि मरमा खोलाको जलस्तरमा वृद्धि भएपछि देउराली गाउँलाई नै खतरा भएको थियो। बाढले स्थानीय निकेश तामाङको बारीमा रहेको साग सब्जी साथै सुन्तलाको बोटलाई धेरै क्षति पनि पुऱ्याएको थियो। सोही कुरोलाई मध्यनजर गर्दै सभासद राईले आज क्षेत्रको स्थलगत भ्रमण गर्नु भएको छ । भ्रमण अवधि उहाँले मरमा खोलामाथि हालको समस्या समधान हेतु अस्थायी फड्केलाई मरम्मति गर्न सहयोग गरिदिने वचन दिनु भएको छ ।

यसका साथै बाढको कारण फसल नष्ट भएपछि स्थानीय निकेश तामाङलाई कृषि विभागसँग कुराकानी गरेर नयाँ बोट विरूवाहरू पनि प्रदान गरिदिने वचन दिनु भएको छ।

****** ० ******

महिला सम्मेलन दार्जिलिंग

अखिल भारतीय महिला आयोगको दार्जिलिंग शाखाले अर्धवार्षिक महिला सम्मेलनको आयोजना गरेको छ । महिला आयोग क दार्जिलिंग शाखा अध्यक्षा श्रीमति गुणशेखरी प्रधानको तत्वावधानमा आयोजित यस सम्मेलनमा विभिन्न राज्यका प्रतिनिधिहरू पनि उपस्थित थिए।

****** ० ******